# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा विस्तृत मुद्राप्रदाय १.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.० प्रतिशतले बढेको थियो । एकातिर समयमा बजेट पेश हुन नसक्दा आर्थिक गतिविधिमा अपेक्षित विस्तार हुन नसकी मुद्राको मागको बृद्धिमा संकुचन आएको छ भने अर्कोतर्फ बाणिज्य बैंकहरु बाहेकका वित्तीय संस्थाहरुतर्फ सर्वसाधारणको निक्षेप आकर्षित हुन गई बाणिज्य बैंकहरुले परिचालन गर्ने आवधिक निक्षेपको बृद्धि नगण्य रहन गएको छ । यी दुबै कारणहरुले गर्दा समीक्षा अवधिमा मौद्रिक विस्तारमा कमी आएको हो ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ६ अर्ब ८८ करोड (३.२ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. १४ अर्ब ५४ करोड (६.५ प्रतिशत) ले घटेको थियो । बाह्य क्षेत्रतर्फको बस्तु निर्यात र विप्रेषण आप्रवाहको बृद्धिमा सुधार आएको र आयात विस्तार नियन्त्रित रहेकोले मौद्रिक क्षेत्रको खुद बैदेशिक सम्पत्तिमा आएको ह्रास अघिल्लो वर्षको सोही अवधिमो तुलनामा कम रहेको छ ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा कुल आन्तरिक कर्जा ३.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ४.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ४.१ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा सो कर्जा ५.७ प्रतिशतले विस्तार भएको थियो । वार्षिक वजेट सार्वजनिक हुन भएको ढिलाईको प्रभावका साथै आयात विस्तारमा संकुचन आएकोले निजी क्षेत्रको बैंक कर्जा विस्तारमा कमी आएको हो ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले सर्वसाधारणबाट निक्षेपको रुपमा परिचालन गर्ने साधन र कर्जा प्रवाहबीच असन्तुलन बढेको छ । उदाहरणको लागि आर्थिक वर्ष २०६७/६८ को पहिलो तीन महिनासम्ममा बाणिज्य बैंकहरुले सर्वसाधारणबाट परिचालन गरेको निक्षेप रू. ६ अर्ब ७५ करोडले घटेको छ । अघिल्लो बर्षको सोही अवधिमा निक्षेप परिचालन रू. १८ अर्ब २८ करोडले बृद्धि भएको थियो । बाणिज्य बैंकहरुले प्रदान गर्ने व्याजदर भन्दा अन्य वित्तीय संस्थाहरुले प्रदान गर्ने ब्याजदर आकर्षक भएकोले निक्षेप त्यतैतर्फ आर्कषित भई बाणिज्य बैंकहरुसँगको निक्षेपमा कमी आएको हो । निक्षेप घटेको विपरित निजी क्षेत्रको कर्जा विस्तार उच्च नै रहेको छ ।

५. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको उत्पादन क्षेत्रतर्फको कर्जा रू. ४ अर्ब ८९ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. २ अर्ब ८८ करोडले मात्र बढेको थियो । त्यसैगरी, कृषि, खनिज र थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा क्रमशः रू. ३६ करोड, रू. २३ करोड र रू. ४ अर्ब ३ करोडले बढेको छ । तर, समीक्षा अवधिमा यातायात, सञ्चार तथा सार्वजनिक सेवाक्षेत्रको कर्जा रू. १ अर्ब ८८ करोडले घटेको छ ।

### तरलता व्यवस्थापन

६. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रू. १८.० अर्बको खुद तरलता प्रशोचन भएको छ । समीक्षा अवधिमा बिक्री बोलकबोल मार्फत रू. २.० अर्ब र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १९.० अर्ब गरी रू. २१.० अर्बको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत रू. ३ अर्बको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोवार अन्तर्गत बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलबाट गरी रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको र रिपो बोलकबोलबाट रू. १ अर्बको तरलता प्रवाह भएको थियो ।

७. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ४९ करोड ७२ लाख खुद खरिद गरी रू. ३६ अर्ब ५६ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर २६ करोड ११ लाख खुद खरिद गरी रू. २० अर्ब १८ करोड खुद तरलता प्रवाह गरेको थियो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर ५६ करोड बिक्री गरी भा. रू. २५ अर्ब ७९ करोड खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ६३ करोड बिक्री गरी भा.रू. ३० अर्ब ३१ करोड खरिद भएको थियो ।

### अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग

९. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ७४ अर्ब १५ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. ६५ अर्ब ५३ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. २० अर्ब ८४ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. ४ अर्व ५ करोड स्थायी तरलता सुविधा उपयोग भएको थियो । समीक्षा अवधिमा उपयोग भएको स्थायी तरलता सुविधा अन्तर्गत २०६७ असोज मसान्तमा रू. ७ अर्व ६२ करोड वक्यौता रहेको छ । २०६६ असोज मसान्तमा यस्तो वक्यौता रकम रू. १ अर्व ३० करोड रहेको थियो ।

### अल्पकालीन व्याजदर

१०. आर्थिक वर्ष २०६७/६८ को तीन महिनामा अल्पकालीन व्याजदरहरु अघिल्लो वर्षको सोही अवधिको तुलनामा उच्च रहेका छन् । उदाहरणको लागि ९१ दिने ट्रजरी विलको भारित औषत व्याजदर अघिल्लो वर्ष २.७३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.६३ प्रतिशत रह्यो । त्यसैगरी, अन्तरबैंक व्याजदर अघिल्लो वर्ष ५.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.८९ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार

११. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ३१.० प्रतिशतले घटी २०६७ असोज मसान्तमा ४२०.३० विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६६ असोज मसान्तमा ६०९.५५ रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेको तथा मुलुकको समग्र आर्थिक गतिविधि शिथिल रहेकाले शेयरको मूल्यमा गिरावट आएको हो ।

१२. धितोपत्रको बजार पूँजीकरण २०६७ असोज मसान्तमा वार्षिक विन्दुगत आधारमा १७.२ प्रतिशतले घटी रू. ३ खर्ब ५६ अर्ब कायम भएको छ । २०६७ असोज मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २६.९ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६६ असोज मसान्तमा ३६.३ प्रतिशत रहेको थियो । कुल वजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरुको ७२.२ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.४ प्रतिशत, होटलहरुको १.५ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.६ प्रतिशत र अन्यको १९.० प्रतिशत अँश रहेको छ ।

१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३७.६ प्रतिशत रही २०६७ असोज मसान्तमा रू. ८८ अर्ब ३२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६७/६८ को असोज मसान्तसम्ममा रू. ४ अर्व ९७ करोड २५ लाख बरावरको साधारण शेयर, रू. ५० करोड ७ लाख बराबरको बोनस शेयर, रू. २ अर्व ५९ करोड ११ लाख बराबरको हकप्रद शेयर र रू. ४ अर्ब ९९ करोड ९ लाख बराबरको सरकारी ऋणपत्र गरी कूल रू. १३ अर्ब ५ करोड ५३ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६७ असोज मसान्तमा १८४ पुगेको छ । यो संख्या २०६६ असोज मसान्तमा १५९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १५२ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

१५. आर्थिक वर्ष २०६२/६३ लाई आधार वर्ष लिई तयार गरिएको नयाँ उपभोक्ता मूल्य सूचकाङ्क अनुसार आर्थिक वर्ष २०६७/६८ को तेस्रो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.९ प्रतिशत रहेको छ । यसै आधारमा मापन गर्दा अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १३.१ प्रतिशतले वृद्धि भएको तथा गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कमा पनि ५.५ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको सोही अवधिमा भन्दा सीमान्त रुपमा बढी हुन गएको हो । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १५.७ प्रतिशत र २.८ .प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत मूल्य सूचकाङ्कको वृद्धि सवैभन्दा वढी अर्थात ४१.१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप–समूहको मूल्य सूचकाङ्कमा १२.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा ४१.८ प्रतिशतले वृद्धि भएको चिनी तथा मिठाईको मूल्य सूचाकाङ्क समीक्षा अवधिमा २८.६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा खाद्य तथा खाद्यजन्य पदार्थ, दुग्ध पदार्थ तथा अण्डा र रेष्टुरेण्ट तथा होटल उप–समूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १७.१ प्रतिशत, १४.९ प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ५.२ प्रतिशत, ८.३ प्रतिशत र २५.३ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको सोही अवधिमा ४३.७ प्रतिशतले वृद्धि भएको तरकारीको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ९.७ प्रतिशतले मात्र वृद्धि भएको छ । तर, समीक्षा अवधिमा दाल तथा गेडागुडी र घ्यू तथा तेलको मूल्य सूचकाङ्कमा भने ह्रास आएको छ ।

१७. समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये कपडा तथा जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा ११.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ७.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा घरायसी उपभोग्य सामानहरु तथा यातयातको मूल्य सूचकाङ्कमा क्रमशः १०.४ प्रतिशत र ८.२ प्रतिशतले वृद्धि आएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी शीर्षकमा ३.८ प्रतिशत र ९.४ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा दूरसञ्चार एवं संस्कृति तथा मनोरञ्जन क्षेत्रको मूल्य सूचकाङ्कमा ९.६ प्रतिशत र ३.७ प्रतिशतले ह्रास आएको छ ।

१८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा वढी काठमाडौं उपत्याकामा १२.१ प्रतिशत, पहाडमा १०.३ प्रतिशत र तराईमा ५.८ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ९.५ प्रतिशत, ७.८ प्रतिशत र ८.३ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

१९. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ८.० प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यसको वृद्धिदर १४.७ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमश. ८.२ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको थोकमूल्य सूचकाङ्क क्रमशः ३३.९ प्रतिशत र ५.१ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो बर्षको सोही अवधिमा ७.७ प्रतिशतले ह्रास भएको आयातित वस्तुहरुको थोकमूल्य सूचकाङ्क भने समीक्षा अवधिमा ७.६ प्रतिशतले वृद्धि भएको छ ।

२०. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ४८.५ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त सूचकाङ्कमा २७.८ प्रतिशतले मात्र वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा खाद्यान्न, फलफूल र तरकारी तथा पशुजन्य उत्पादनको वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क क्रमशः २२.५ प्रतिशत र १२.९ प्रतिशत र १८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक थोकमूल्य सूचकाङ्क क्रमशः ८.८ प्रतिशत, ३१.९ प्रतिशत र ३८.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्षको सोही अवधिमा १०९.५ प्रतिशतले वृद्धि भएको नगदेवालीको थोकमूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ३२.९ प्रतिशतले ह्रास आएको छ ।

२१. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्कमा ८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि ४.८ प्रतिशत मात्र रहेको थियो । यसैगरी, समीक्षा अवधिमा पेय पदार्थ तथा सुर्तीजन्य वस्तुहरुको थोकमूल्य सूचकाङ्कमा ८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि १६.३ प्रतिशत रहेको थियो ।

२२. आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सूचकाङ्क सवैभन्दा वढी १५.९ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्कमा २०.३ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा विद्युत तथा विद्युतीय समाग्री, रासायनिक मल तथा रासायनिक वस्तु र यातायात तथा मेशिनरीको मूल्य सूचकाङ्कमा क्रमशः ५.७ प्रतिशत, ३.७ प्रतिशत र २.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी सूचकाङ्कहरुमा क्रमशः ४.६ प्रतिशत ७.९ प्रतिशत र ६.५ प्रतिशतले ह्रास आएको थियो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा १५.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २२.२ प्रतिशतले बढेको थियो । अघिल्लो वर्षको सोही अवधिमा ३२.९ प्रतिशतले वृद्धि भएको तलव सूचकाङ्कमा समीक्षा अवधिमा कुनै वृद्धि नभएतापनि ज्यालादर सूचकाङ्कमा भएको वृद्धिको कारण समग्र तलव तथा ज्यालादर सूचकाङ्कमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्कमा २१.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यो सूचकाङ्क १८.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २९.४ प्रतिशत, ६.८ प्रतिशत र १९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क क्रमशः २०.९ प्रतिशत, १६.५ प्रतिशत र १५.१ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

२४. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा सरकारी बजेट रू. ३ अर्ब ९५ करोडले घाटामा रहेको छ । समीक्षा अवधिमा राजस्व परिचालनको तुलनामा खर्च उच्च रहेकोले सरकारी बजेट घाटामा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. ९ करोड ५ लाखले घाटामा रहेको थियो ।

### सरकारी खर्च

२५. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा १२.६ प्रतिशतले वृद्धि आई रू. ४४ अर्व ६८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ३५.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा चालू तथा पूँजीगत खर्चको वृद्धिदरमा कमी आएको कारण कुल सरकारी खर्चको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ ।

### सरकारी राजस्व

२६. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ९.४ प्रतिशतले वृद्धि भई रू. ३७ अर्व ५४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ५३.७ प्रतिशतले वृद्धि भई रू. ३४ अर्व ३२ करोड पुगेको थियो ।

२७. समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा सामान्य विस्तार आएतापनि भन्सार, आयकर र अन्तःशुल्क कर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको र गैर-कर राजस्व परिचालनमा भने कमी आएको छ ।

### वैदेशिक नगद ऋण र अनुदान

२८. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. ९० करोड ८९ लाख र वैदेशिक नगद अनुदानवापत् रू. २ अर्व ८५ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रू. ५८ करोड ४१ लाख र रू. ३ अर्व ७८ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२९. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.९ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ८७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात १६.५ प्रतिशतले घटी रू. १५ अर्ब ९४ करोडमा सीमित भएको थियो । मासिक रुपमा हेर्दा, चालु आर्थिक वर्षको असोज महिनामा कुल वस्तु निर्यात भाद्र महिनाको तुलनामा १२.२ प्रतिशतले वढेको छ ।

३०. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा ११.८ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११.३ प्रतिशतले घटेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात भने अघिल्लो वर्ष २२.७ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा २.४ प्रतिशतले मात्र ह्रास आएको छ । भारततर्फ मुख्यतयाः जुटका सामान, जस्ता पाता, एम. एस. पाइप, तार,

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ६० वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये ३५ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

प्लाष्टिकका सामान, लत्ताकपडा, धागो, आयुर्वेदिक औषधि, जुस, टुथपेस्ट तथा तयारी पोशाकको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी दाल, पस्मिना, हस्तकलाका सामान, नेपाली कागज, ऊनी गलैंचा र जडिबुटीको निर्यातमा ह्रास आएको कारण त्यसतर्फको निर्यात घट्न गएको हो ।

३१. समीक्षा अवधिमा कुल वस्तु आयात ३.६ प्रतिशतले बढेर रू. ९२ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३१.९ प्रतिशतले वृद्धि भई रू. ८९ अर्ब ७२ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा, असोज महिनामा कुल वस्तु आयात भाद्र महिनाको तुलनामा ४.४ प्रतिशतले बढेको छ ।

३२. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको तीन महिनासम्म २६.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३१.९ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको ३८.३ प्रतिशत वृद्धिको विपरित समीक्षा अवधिमा २९.१ प्रतिशतले ह्रास आएको छ । भारतबाट मुख्यतया हटरोल्ड सिट इन क्वाइल, रासायनिक मल, चिनी, पेट्रोलियम पदार्थ, फलफूल, ड्राईसेल व्याट्री र तरकारीको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, पोलिथिन ग्रयानुयल्स, विजुलीका समान, सुपारी, भटमासको कच्चा तेल र अन्य मेसिनरी तथा पार्ट्सको आयातमा कमी आएको छ ।

३३. चालु आर्थिक वर्षको तीन महिनासम्ममा कुल वस्तु व्यापार घाटा ३.२ प्रतिशतले वृद्धि भई रू. ७६ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ५०.७ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ३६.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ४१.२ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको तीन महिनासम्ममा ६३.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३४.२ प्रतिशतले घटेको छ ।

३४. निर्यात व्यापारमा आएको सुधार तथा आयात व्यापारको वृद्धि दरमा भएको कमीको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १८.१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १७.८ प्रतिशत रहेको थियो ।

**शोधनान्तर**

३५. आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा समग्र शोधनान्तर स्थिति रू. ६ अर्ब ८८ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. १४ अर्ब ५४ करोडले शोधनान्तर घाटामा रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्ममा चालू खाता रू. २ अर्ब १७ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालू खाता रू. १२ अर्ब ३३ करोडले घाटामा रहेको थियो । खासगरी व्यापार घाटाको वृद्धिदरमा आएको कमी तथा ट्रान्सफर आय अन्तर्गत अनुदान, विप्रेषण तथा पेन्सन आयमा भएको उत्साहजनक वृद्धिका कारण चालू खाता घाटा कम रहन गएको हो ।

३६. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ४७.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.१ प्रतिशतले मात्र वृद्धि भई रू. ७३ अर्ब ९६ करोड पुगेको छ । खूद सेवा खाता घाटा समीक्षा अवधिमा २०.२ प्रतिशतले घटी रू. ४ अर्ब ६४ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १३.४ प्रतिशतले घटी रू. ५ अर्ब ८१ करोड रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रू. ७४ अर्ब ७९ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान ३९.७ प्रतिशतले वृद्धि भई रू. ६ अर्ब ७१ करोड र पेन्सन आय २२.८ प्रतिशतले वृद्धि भई रू. ८ अर्ब ६४ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको ११.१ प्रतिशत वृद्धिको तुलनामा १६.० प्रतिशतले बृद्धि भई रू. ६० अर्ब १ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको असोज महिनामा भाद्र महिनाको तुलनामा विप्रेषण आप्रवाह ५.६ प्रतिशतले बढेको छ ।

## विदेशी विनिमय सञ्चिति

३७. २०६७ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको रू. २६८ अर्ब ९१ करोडको तुलनामा ४.४ प्रतिशतले घटी रू. २५७ अर्ब ६ करोडमा सीमित हुन पुगेको छ । २०६६ असोज मसान्तमा यस्तो सञ्चिति २०६६ असार मसान्तको तुलनामा १०.१ प्रतिशतले घटेर रू. २५७ अर्ब ४९ करोड रहन गएको थियो । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६७ असार मसान्त रू. २०५ अर्ब ३७ करोडको तुलनामा २०६७ असोज मसान्तमा ४.९ प्रतिशतले ह्रास आई रू. १९५ अर्ब ३४ करोडमा सीमित हुन पुगेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६७ असारदेखि २०६७ असोज मसान्तसम्ममा ०.६ प्रतिशतले सीमान्त वृद्धि भई अमेरिकी डलर ३ अर्व ६३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ८.९ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ को तीन महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.४ महिनाको वस्तु आयात र ७.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३८. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ असोज मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ७४.९२ रहेकोमा २०६७ असोज मसान्तमा १२.३ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ८४.१ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६६ असोज मसान्तको तुलनामा २०६७ असोज मसान्तमा ३०.५ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३६७.५० पुगेको छ ।

३९. २०६७ असार मसान्तको तुलनामा २०६७ असोज मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.२५ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.९६ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६७ असोज मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७०.७३ पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रू. ७४.४४ रहेको थियो ।